नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

मिति : २०७९/११/०४

पत्र संख्या : २०७९/८०

चलानी नं. : ११६६.

श्री युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड (UNLB)

कोहलपुर, बाँके ।

**बिषय : धितोपत्रको सूचीकरण गरिएको बारे ।**

यस स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत नभएको युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र साबिकको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा १:०.५ को अनुपातमा गाभ्ने/गाभिने (मर्जर) भई घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको कुल १,३८,१२५ कित्ता र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको कुल ९,६८,२०० कित्ता गरि कुल ११,०६,३२५ कित्ता शेयर युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नाममा कायम हुन आएको प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु. १००।- दरको शेयर क्रम संख्या १ देखि ११,०६,३२५ सम्मको कुल ११,०६,३२५ कित्ता शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम यस स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार हुन सक्ने गरी संलग्न सम्झौता बमोजिमका शर्तहरु पालना गर्नुपर्ने गरी मिति २०७९/११/०३ को निर्णयानुसार यूनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट धितोपत्रको सूचीकरण गरी साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको सूचीकरण खारेज गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराउँदछु ।

**पुनश्चः** साविकको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक र सर्वसाधारण समूहको कुल १,३८,१२५ कित्ता शेयर युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोबार हुने र युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक समूहको कुल ९,६८,२०० कित्ता शेयर थप सार्वजनिक निष्काशन सम्पन्न नभए सम्म कारोबार गर्न नपाउने गरी सूचीकरण गरिएको ।

**शर्तहरु**

(१) धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतका नियम तथा विनियममा उल्लेख गरिएका शर्तहरु ।

(२) धितोपत्र सूचीकरण सम्झौता पत्रमा उल्लेखित शर्तहरु ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री श्री नेपाल राष्ट्र बैंक, बैक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

श्री वित्त व्यवस्थापन शाखा - नेप्से ।

श्री सुपरिवेक्षण शाखा - नेप्से ।

श्री प्रणाली सञ्चालन शाखा - नेप्से ।

भवदीय,

सरिता पाण्डेय
सहायक प्रवन्धक
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 4250755–59, 4250734–35 Fax: 4262538/Toll Free No. : 16600125025
website: www.nepalstock.com/ www.nepalstock.com.np